# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## स्वतः प्रकाशन
## वैशाख – असार, २०८०

# चिकित्सा शिक्षा आयोग

**सानोठिमी, भक्तपुर**

# स्वतः प्रकाशन

नेपालको संविधानले नागरिकहरूमा सूचनाको हक प्रत्याभूत गरेको छ। सूचनाको हकको संवैधानिक व्यवस्था कार्यान्वयनको लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा छ। सूचनाको हक सम्बन्धी ऐनको दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।

चिकित्सा शिक्षा आयोगबाट आर्थिक वर्ष २०७९।०८० को चौथो त्रैमासिक (वैशाख-असार, २०८०) सहित वर्षभरिमा सम्पादन भएका प्रमुख कामहरूको विवरण समावेश गरी यो स्वतः प्रकाशन गरिएको छ।

मितिः २०८० श्रावण १० गते

**चिकित्सा शिक्षा आयोग**
सानोठिमी, भक्तपुर

## विषयसूची


| | पेज नं. |
|---|---|
| आयोगको स्वरूप र प्रकृति | १ |
| आयोगको काम, कर्तब्य र अधिकार | १ |
| आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण | ८ |
| आयोगबाट प्रदान गरिने सेवा | १२ |
| आयोगको निर्देशनालय/बोर्ड, शाखा र जिम्मेवार अधिकारी | १२ |
| सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १४ |
| निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १८ |
| निर्णय उपर उजुरी सुन्ने अधिकारी | १८ |
| सम्पादन गरेका मुख्य मुख्य विवरण | १८ |
| प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम र पद | २० |
| ऐन, नियम, निर्देशिका र कार्यविधिको सूची | २१ |
| आयोगको वेभसाइट | २२ |
| आयोगको सूचना अन्यत्र प्रकाशन भएको विवरण | २२ |
| आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन | २२ |
| आयोगले गरेको सूचना सम्बन्धी थप काम | २२ |
| आर्थिक विवरण | २३ |
| आयोगले गरेको कार्यक्रम र सो को प्रतिवेदन | २३ |
| आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको विवरण | २३ |

## १. आयोगको स्वरूप र प्रकृति

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार चिकित्सा शिक्षा आयोगको स्थापना भएको हो । आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हो । चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने, नेपालको राष्ट्रिय आवश्यकता अनुरूप चिकित्सा शिक्षाको विकास गर्ने, चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउने, चिकित्सा शिक्षा सम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गर्ने, चिकित्सा शिक्षामा गुणस्तर, पेशाधर्मिता, संस्थागत जवाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्ने तथा विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावनालाई समेत दृष्टिगत गरी चिकित्सा शिक्षा सुधार गर्ने उद्देश्य चिकित्सा शिक्षा आयोगले लिएको छ । सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा उनन्तीस सदस्यीय चिकित्सा शिक्षा आयोग गठन हुने र आयोगको दुई बैठकबीचको अन्तर छ महिनाभन्दा बढी नहुने गरी आवश्यकता अनुसार बस्ने व्यवस्था ऐनमा रहेको छ । आयोगको कार्यकारी निकायको रूपमा काम गर्न चिकित्सा शिक्षा आयोगको उपाध्यक्षको अध्यक्षतामा आठ सदस्यीय एक कार्यकारी समिति रहने व्यवस्था छ । आयोग अन्तर्गत तीन वटा निर्देशनालय र एक वटा बोर्ड रहेको छ । निर्देशनालय तथा बोर्डको प्रमुखको रुपमा पूरा समय काम गर्ने एक एक जना निर्देशक रहने व्यवस्था रहेको छ । उपाध्यक्ष आयोगको पूरा समय काम गर्ने प्रमुख कार्यकारी हुने व्यवस्था रहेको छ । आयोगको वरिष्ठ कर्मचारीले आयोगको सदस्य-सचिवको रूपमा काम गर्ने र आयोगमा कर्मचारी व्यवस्था नभएसम्म नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले आयोगको सदस्य-सचिव भई काम गर्ने प्रावधान रहेको छ ।

## २. आयोगको काम, कर्तब्य र अधिकार

### २.१ आयोगको गठनः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५ बमोजिम चिकित्सा शिक्षा आयोगको गठन देहायअनुसार हुने व्यवस्था छः

| क्र.सं. | नाम | पद |
|---|---|---|
| क | प्रधानमन्त्री | अध्यक्ष |
| ख | शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री | सह-अध्यक्ष |

| | | |
|---|---|---|
| ग | स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री | सह-अध्यक्ष |
| घ | चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका चिकित्सकहरूमध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना | उपाध्यक्ष |
| ङ | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) | सदस्य |
| च | चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट तीन जना | सदस्य |
| छ | शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव | सदस्य |
| ज | स्वास्थ्यसम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव | सदस्य |
| झ | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | सदस्य |
| ञ | उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | सदस्य |
| ट | अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् | सदस्य |
| ठ | अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | सदस्य |
| ड | अध्यक्ष, नेपाल नर्सिङ परिषद् | सदस्य |
| ढ | अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् | सदस्य |
| ण | अध्यक्ष,नेपाल फार्मेसी काउन्सिल | सदस्य |
| त | स्वास्थ्यसम्बन्धी राष्ट्रिय तहका मेडिकल तथा नर्सिङलगायतका आधिकारिक पेशागत सङ्गठनका अध्यक्षहरूमध्येबाट कम्तीमा एक जना महिलासहित दुई जना | सदस्य |
| थ | मेडिकल र डेन्टल बाहेकका निजी शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनका अध्यक्ष | सदस्य |

| | | |
|---|---|---|
| द | नागरिक समाजका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट कम्तीमा एक महिलासहित दुई जना | सदस्य |
| ध | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | सदस्य |
| न | चिकित्सा शिक्षा विज्ञहरूमध्येबाट समावेशी सिद्धान्तको आधारमा कम्तीमा दुई जना महिलासहित तीन जना | सदस्य |
| प | अध्यक्ष, नेपाल मेडिकल एसोसिएसन | सदस्य |
| फ | निजी मेडिकल र डेन्टल कलेज सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनको अध्यक्ष | सदस्य |
| ब | आयोगको वरिष्ठ कर्मचारी | सदस्य-सचिव |

## २.२ आयोगको कार्यक्षेत्रः

राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५ र राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ बमोजिम आयोगको कार्यक्षेत्र निम्नुसार रहेको छः

**राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५ मा उल्लिखित कार्यक्षेत्रः**

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने व्यवस्था छ।

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,

(ख) सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने

(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स ) सञ्चालन लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,

(घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,

(ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,

(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय,प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने,

(छ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,

(ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने,

(झ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,

(ञ) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,

(ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन गर्ने,

(ठ) तोकिएबममोजिमका अन्य कार्य गर्ने,

**राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ उल्लिखित कार्यक्षेत्रः**

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली,२०७७ को नियम ३ मा ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको अन्य काम,कर्तव्य र अधिकार देहायवमोजिम हुने व्यवस्था रहेको छः

(क) आयोगको योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) शिक्षण संस्था गाभ्ने सम्बन्धमा आवश्यक मापदण्ड स्वीकृत गर्ने,

(ग) चिकित्सा शिक्षाका विभिन्न तह र विषयको मूल पाठ्यक्रम, शिक्षण विधि र उपाधिसम्बन्धी मापदण्ड स्वीकृत गर्ने ।

## २.३ कार्यकारी समितिको गठन

राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ८ मा आयोगको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी समिति रहने र उक्त समितिको गठन निम्नानुसार हुने उल्लेख छः

(क) उपाध्यक्ष -अध्यक्ष

(ख) निर्देशकहरू -सदस्य

(ग) आयोगका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(घ) आयोगको सदस्य सचिव - सदस्य-सचिव

## २.४ कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐनको दफा ९ अनुसार कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(क) निर्देशनालय र बोर्डबीच समन्वय गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकताअनुसार निर्देशनालय र बोर्डलाई निर्देशन दिने,

(ग) निर्देशनालय र बोर्डबाट पेस हुने कार्ययोजना, प्रस्ताव, निर्देशिका वा मापदण्डमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि आयोगमा पेस गर्ने,

(घ) सम्बन्धित निर्देशनालयको सिफारिसका आधारमा यस ऐन बमोजिम आशयपत्रका लागि आयोग समक्ष सिफारिस गर्ने,

(ङ) आयोगमा स्वीकृत भएका नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय र बोर्डद्वारा कार्यान्वयन गराउने,

(च) यस ऐनबमोजिम शिक्षण संस्थाको सम्बन्धन खारेजी गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउने,

(छ) चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने,

(ज) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन तयार गर्ने,

(झ) शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धित विषयमा आयोगसमक्ष सिफारिस गर्ने

(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने गराउने ।

## २.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २७ मा ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख भएको छः

(क) आयोगबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) आयोगको वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गराई आयोग समक्ष पेश गर्ने,

(ग) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने

(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ५ मा ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख भएको छः

(क) आयोगबाट निर्णय हुने विषयमा प्रस्ताव तयार गरी आयोग समक्ष पेश गर्ने,

(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(ग) प्राज्ञिक कार्यक्रमसँग सम्बन्धित वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन ढाँचा स्वीकृत गर्ने,

(घ) आयोग तथा समितिबाट प्रत्यायोजित अन्य काम गर्ने वा गराउने ।

**२.६ सदस्य-सचिवको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३० अनुसार सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छः

(क) आयोगको वार्षिक कार्यक्रम र योजना तयार गरी उपाध्यक्ष समक्ष पेश गर्ने,

(ख) आयोगको वार्षिक बजेट तयार गर्ने,

(ग) आयोगको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने वा गराउने,

(घ) आयोगको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(ङ) आयोगमा रहने अभिलेख अद्यावधिक व्यवस्थित र सुरक्षित राख्ने,

(च) आयोगका कर्मचारीलाई कार्यविभाजन गरी काममा लगाउने,

(छ) आयोगको कार्यालयको काम कारबाहीको अनुगमन, नियन्त्रण, सुपरीवेक्षण गर्ने,

(ज) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने,

(झ) आयोग वा समितिले तोकेको अन्य काम गर्ने ।

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम ३३ अनुसार ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको समान्य निर्देशन र नियन्त्रणमा रही सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छः

(क) आयोगको दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने,

(ख) समितिबाट निर्णय हुनु पर्ने विषयको प्रस्ताव तयार गरी समितिमा पेश गर्ने,

(ग) आयोग तथा समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,

(घ) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने वा गराउने,

(ङ) आयोगको कार्य सञ्चालनमा आन्तरिक नियन्त्रण प्रणाली, सुशासन र जवाफदेहिता सम्बन्धी कार्यहरू गर्ने वा गराउने

(च) आयोगको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,

(छ) आयोगको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने र बेरूजु फछ्यौंट तथा खर्च समर्थन सम्बन्धी कार्य गर्ने वा गराउने,


(ज) छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीको करार सेवा सम्बन्धी कार्य गर्ने,

(झ) नेपाल सरकारबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने,

(ञ) आयोग समिति र उपाध्यक्षबाट प्रत्यायोजित अन्य कार्य गर्ने ।

## ३. आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्यविवरण

### ३.१ आयोगको विद्यमान संगठन संरचना



## ३.२ कर्मचारी सङ्ख्या

आयोगको संगठनात्मक संरचना अर्थ मन्त्रालयको सहमतिमा नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुने व्यवस्था रहेको छ । आयोगका कर्मचारी नियुक्ति नभएसम्म आयोगको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलव्ध गराउने ऐनको प्रावधान अनुसार आर्थिक वर्ष २०७९/८० को लागि स्वीकृत अस्थायी दरबन्दी विवरण निम्नानुसार रहेको छ ।

| सि.नं | पदको नाम | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | स्वीकृत पद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सदस्य सचिव | रा.प.प्रथम | शिक्षा | शिक्षा प्रशासन | १ | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | |
| ३ | उपसचिव | रा.प.द्वितीय | शिक्षा | शिक्षा प्रशासन | ७ | |
| ४ | उपसचिव (लेखा) | रा.प.द्वितीय | प्रशासन | लेखा | १ | |
| ५ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | १ | |
| ६ | व.कम्प्यूटर इन्जिनियर | रा.प.द्वितीय | विविध | – | १ | |
| ७ | वरिष्ठ कन्सल्टेन्ट/कन्सल्टेन्ट जनरल फिजिसियन, मेडिसिन/जनरल मेडिसिन | तह ९/१० | स्वास्थ्य | मेडिसिन/जनरल मेडिसिन | १ | |
| ८ | वरिष्ठ जनस्वास्थ्य प्रशासक/जनस्वास्थ्य प्रशासन-हेल्थ इन्सपेक्सन | तह ९/१० | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | २ | |
| ९ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्यप्रशासन | २ | |
| १० | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | |
| ११ | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | ८ | |
| १२ | वरिष्ठ जनस्वास्थ्य प्रशासक/जनस्वास्थ्य प्रशासन-हेल्थ इन्सपेक्सन | तह ७-८ | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | ३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | कम्प्यूटर इन्जिनियर | रा.प.तृतीय | विविध | – | १ | |
| १४ | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्र. | ७ | |
| १५ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | १ | |
| १६ | प्रा.स. | रा.प.अनं.प्र. | शिक्षा/शि.प्र. | निरीक्षण | १ | |
| ३८ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | – | २ | |
| ३९ | खरिदार | रा.प.अनं.द्वि. | विविध | – | १ | |
| ४० | ह.स.चा. | श्रेणी विहिन | – | – | ८ | |
| ४१ | का.स. | श्रेणी विहिन | – | – | ८ | |
| **जम्मा** | | | | | ५८ | |

## ३.३ कार्यविवरण

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५को दफा २८ को उपदफा २ बमोजिम निर्देशक प्रमुख रहने गरी आयोगको दैनिक नियमित कार्य सम्पादनको लागि निर्देशनालय तथा वोर्डको गठन गरिएको छ । आयोगमा ३ वटा निर्देशनालय र १ वटा वोर्ड रहेको छ। राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ अनुसार निर्देशनालय र बोर्डको कार्यक्षेत्र यस प्रकार रहेको छ ।

### ३.३.१ मापदण्ड तथा प्रत्यायन निर्देशनालय काम, कर्तव्य र अधिकारः

(क) शिक्षण संस्था स्थापना तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि आवश्यक पूर्वाधारको न्यूनतम मापदण्ड तयार गर्ने ।

(ख) शिक्षकको योग्यतासम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने,

(ग) शिक्षण विधि र प्रविधिसम्बन्धी कार्य गर्ने

(घ) चिकित्सा शिक्षाको गुणस्तर मूल्याङ्कनको मापदण्ड तयार गर्ने,

(ङ) चिकित्सा शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका कार्यक्रमको प्रत्यायनसम्बन्धी कार्य गर्ने,

(च) चिकित्सा शिक्षा क्षेत्रका संस्था, पाठ्यक्रम गुणस्तर लगायतको मापदण्ड तयार गर्ने,

(छ) विदेशमा अध्ययन तथा फेलोसिपलगायत चिकित्सा शिक्षाको उच्चस्तरीय तालिममा जान चाहने व्यक्तिलाई अनुमतिपत्र दिने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने ।

**३.३.२ योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालयको काम,कर्तव्य र अधिकारः**

(क) आयोगको वार्षिक योजना तथा कार्यक्रम तर्जुमासम्बन्धी कार्य गर्ने,

(ख) राष्ट्रिय स्वास्थ्य सेवा तथा चिकित्सा शिक्षा प्रणालीका लागि आवश्यक पर्ने जनाशक्तिको आवधिक आँकलन, प्रक्षेपण तथा आपूर्तिको योजनासम्बन्धी कार्य गर्ने,

(ग) स्वीकृत योजनाअनुसार चिकित्सा शिक्षासम्बन्धी जनशक्ति आपूर्ति र उपयोगका लागि स्वास्थ्य संस्था तथा शिक्षण संस्थासँग समन्वय गर्ने ,

(घ) चिकित्सा शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा प्रवर्धनसम्बन्धी कार्य गर्ने,

(ङ) चिकित्सा शिक्षाको लागि प्रयोग हुने सूचना प्रविधिको विकास तथा प्रयोग सम्बन्धी कार्य गर्ने,

(च) चिकित्सा शिक्षाको गुरुयोजना तर्जुमा गरी समितिमा पेस गर्ने,

(छ) अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्ने वा गराउने,

(ज) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने ।

**३.३.३ परीक्षा निर्देशनालयको काम, कर्तव्य र अधिकारः**

(क) परीक्षा निर्देशनालयको स्नातक, स्नातकोत्तर र सोभन्दा माथिको तहको एकीकृत प्रवेश परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) प्रवेश परीक्षा, विद्यार्थी मूल्याङ्कन र अन्तिम परीक्षासम्बन्धी नीति तथा मापदण्ड तयार गरी समितिमा पेस गर्ने,

(ग) परीक्षासम्बन्धी आवश्यक प्रविधि विकास गरी कार्यान्वयन गर्ने,

(घ) विद्यार्थी भर्नाका लागि म्याचिङ प्रणालीको विकास तथा कार्यान्वयन गर्ने,

(ङ) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीसँग अध्ययन शर्तसम्बन्धी कबुलियतनामा गर्ने,

(च) एकीकृत वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गर्ने,

(छ) नेपालका शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विदेशी व्यक्तिका लागि विषयगत रुपमा न्युनतम प्राप्ताङ्क निर्धारणसम्बन्धी कार्य गर्ने,

(ज) परीक्षा सञ्चालनका लागि आवश्यकताअनुसार उपसमिति गठन गर्ने,

(झ) आयोग तथा समितिको निर्णय कार्यान्वयन गर्ने।

**३.३.४ नेसनल बोर्ड  अफ मेडिकल स्पेसियालिटिजको काम, कर्तव्य र अधिकारः**

(क) चिकित्सा शिक्षाको क्लिनिकल विधामा स्पेसियालिटिजका नयाँ कार्यक्रमसम्बन्धी पाठ्यक्रमको तयारीसम्बन्धी कार्य गर्ने,

(ख) पूर्वाधार पुरा गरेका स्वास्थ्य संस्थामा स्पेसियालिटिजका कार्यक्रम  सञ्चालन गर्ने ,

(ग) क्लिनिकल विधामा  स्पेसियालिटिजका नयाँ कार्यक्रमसम्बन्धी तालिम सञ्चालन गर्ने संस्था,फ्याकल्टीको पहिचानसम्बन्धी कार्य गर्ने,

(घ) स्पेसियालिटिजका क्लिनिकल विधामा अध्ययनका लागि सिट सङ्ख्या, फ्याकल्टी, सुपरभाइजर र सहभागिताको सूची तयार गरी समितिमा पेस गर्ने,

(ङ) आयोगबाट निर्धारित मापदण्डको अधीनमा रही नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजको परीक्षा सञ्चालन गर्ने वा गराउने,

(च) अनुगमन तथा मूल्याङ्कन पद्धति निर्माण र कार्यान्वयन गर्ने,

(छ) मेडिकल स्पेसियालिटिजका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग परामर्श गर्ने र सोको जानकारी समितिलाई गराउने,

(ज) आयोग वा समितिको निर्णय कार्यान्वयन गर्ने,

## ४. आयोगबाट प्रदान गरिने सेवा

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ तथा सो अन्तर्गत बनेका नियमावली, मापदण्ड, निर्देशिका तथा कार्यविधिद्वारा तोकिएका काम र सोसँग सम्बन्धित सेवाहरू आयोगबाट प्रदान गरिन्छ ।

## ५. आयोगको निर्देशनालय/बोर्ड, शाखा र जिम्मेवार अधिकारी

हाल आयोगको उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरी हुनुहुन्छ । आयोगको निर्देशनालय तथा बोर्डका प्रमुखहरूको विवरण यसप्रकार रहेको छः

| क्र.सं. | पद | नाम थर | निर्देशनालय/बोर्ड | कैफियत |
|---|---|---|---|---|
| १ | निर्देशक | प्रा.डा. दिलिप शर्मा | मापदण्ड तथा प्रत्यायन निर्देशनालय | |
| २ | निर्देशक | प्रा.डा. रमेशप्रसाद आचार्य | योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | |

| | | | | |
|---|---|---|---|---|
| ३ | निर्देशक | प्रा.डा. संघरत्न बज्राचार्य | परीक्षा निर्देशनालय | |
| ४ | निर्देशक | प्रा.डा. आरती खनाल शाह | नेशनल वोर्ड अफ मेडिकल स्पेसियालिटिज | |

**आयोगमा हाल कार्यरत कर्मचारी विवरण निम्नानुसार रहेको छः**

| क्र.सं. | नाम थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री कृष्णप्रसाद काप्री | सदस्य-सचिव (रा.प.प्रथम श्रेणी) | सचिवालय | |
| २ | श्री अनुपमचन्द्र श्रेष्ठ | उपसचिव | योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | |
| ३ | श्री दामोदर फुयाल | उपसचिव | परीक्षा निर्देशनालय | |
| ४ | श्री रबिलाल शर्मा | उपसचिव | आर्थिक प्रशासन | |
| ५ | श्री उर्मिला जि.सी | उपसचिव | कानुन | |
| ६ | श्री रुद्रप्रसाद रेग्मी | उपसचिव | मापदण्ड तथा प्रत्यायन निर्देशनालय | |
| ७ | श्री धनबहादुर श्रेष्ठ | उपसचिव | परीक्षा निर्देशनालय | |
| ८ | श्री मेघनाथ शर्मा | उपसचिव | योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | |
| ९ | श्री मैया खड्का | उपसचिव | नेसनल वोर्ड अफ मेडिकल स्पेसियालिटिज | |
| १० | श्री हरिशंकर महतो | कम्प्यूटर इन्जिनियर | परीक्षा निर्देशनालय | |
| ११ | श्री लेखराज कार्की | शा. अ. | परीक्षा निर्देशनालय | |
| १२ | श्री सीता कोइराला | शा. अ. | मापदण्ड तथा प्रत्यायन निर्देशनालय | |
| १३ | श्री नारायणी जोशी | शा. अ. | परीक्षा निर्देशनालय | |

| | | | | |
|---|---|---|---|---|
| १४ | श्री साबित्रा पौडेल | शा. अ. | योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | |
| १५ | श्री लिलानाथ पोखेल | शा. अ. | परीक्षा निर्देशनालय | |
| १६ | श्री प्रकाशचन्द्र ढुंगेल | शा. अ. | परीक्षा निर्देशनालय | |
| १७ | श्री भीष्मराज भट्टराई | शा.अ. | कर्मचारी प्रशासन | |
| १८ | श्री रमिता मैनाली | लेखा अधिकृत | आर्थिक प्रशासन | |
| १९ | श्री बालकृष्ण सिंखडा | शा.अ. | योजना, समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय | |
| २० | श्री निलकुमार फुयाल | ना. सु. | स्टोर/भण्डार शाखा | |
| २१ | श्री कविता पराजुली | लेखापाल | आर्थिक प्रशासन | |
| २२ | श्री माधवी हुमागाईं | ना. सु. | प्रशासन | |
| २३ | श्री शुष्मा काफ्ले | ना. सु. | सचिवालय | |
| २४ | श्री ममता बस्नेत | ना. सु. | उपाध्यक्षज्यूको सचिवालय | |
| २५ | श्री संगिता सुवेदी | ना. सु. | कानुन | |
| २६ | श्री पदम रिमाल | प्रा.स | परीक्षा निर्देशनालय | |
| २७ | श्री दिपराज आचार्य | ना.सु. | मापदण्ड तथा प्रत्यायन निर्देशनालय | |
| २८ | श्री जानका भट्टराई | क.अपरेटर | परीक्षा निर्देशनालय | |
| २९ | श्री सत्यदेवी गिरी | क.अपरेटर | निर्देशनालय | |
| ३० | श्री बिष्णु प्रसाद ढकाल | क.अपरेटर | सचिवालय | |
| ३१ | श्री प्रविण खड्का | क.अपरेटर | परीक्षा निर्देशनालय | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### ६.१. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

- सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ४ बमोजिम र अन्य सम्बन्धित प्रचलित कानूनले तोके बमोजिम।
- आयोगबाट सम्पादन हुने विभिन्न कामको सिलसिलामा लिइने प्रमुख शुल्क तथा दस्तुर निम्नानुसार रहेको छः

| क्र.सं. | कामको विवरण | शुल्क/ दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | एकीकृत प्रवेश परीक्षा आवेदन शुल्क, स्नातक तह (नेपाली) | ४ हजार | कार्डमार्फत भुक्तानी गर्दा थप ३०० लाग्ने |
| २ | एकीकृत प्रवेश परीक्षा आवेदन शुल्क, स्नातक तह (विदेशी) | ८ हजार | |
| ३ | एकीकृत प्रवेश परीक्षा आवेदन शुल्क, स्नातकोत्तर तह (नेपाली) | ५ हजार | |
| ४ | एकीकृत प्रवेश परीक्षा आवेदन शुल्क, स्नातकोत्तर तह (विदेशी) | ८ हजार | |
| ५ | एकीकृत प्रवेश परीक्षा आवेदन शुल्क, डीएम/एमसिएच (नेपाली) | ५ हजार | |
| ६ | एकीकृत प्रवेश परीक्षा आवेदन शुल्क, डिएम/एमसिएच (विदेशी) | ८ हजार | |
| ७ | पुनर्योग शुल्क | १ हजार | |
| ८ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- MBBS | २ लाख | |
| ९ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- BDS | २ लाख | |
| १० | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- B.Sc. Nursing | १ लाख | |
| ११ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- BNS | १ लाख | |
| १२ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- Bachelor of midwifery science | १ लाख | |
| १३ | स्नातक तहका अन्य कार्यक्रमको लागि प्रति कार्यक्रम वार्षिक | ५० हजार | |
| १४ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- MD/MS | २ लाख | |
| १५ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- MDS | २ लाख | |

| | | | |
|---|---|---|---|
| १६ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- M.Sc. Nursing | १ लाख | |
| १७ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- M.N. | १ लाख | |
| १८ | शिक्षण संस्था अनुगमन शुल्क वार्षिक- Masters of midwifery science | १ लाख | |
| १९ | स्नातकोत्तर तहका अन्य कार्यक्रमको लगि प्रति कार्यक्रम वार्षिक | ५० हजार | |
| २० | आशयपत्र निवेदन शुल्क- एमविविएस कार्यक्रम (स्वदेशी लगानी) | १० लाख | |
| २१ | आशयपत्र निवेदन शुल्क- एमविविएस कार्यक्रम (विदेशी लगानी) | २० लाख | |
| २२ | आशयपत्र निवेदन शुल्क- विडिएस कार्यक्रम (स्वदेशी लगानी) | ५ लाख | |
| २३ | आशयपत्र निवेदन शुल्क- विडिएस कार्यक्रम (विदेशी लगानी) | १० लाख | |
| २४ | आशयपत्र निवेदन शुल्क- अन्य कार्यक्रम (स्वदेशी लगानी) | २ लाख | |
| २५ | आशयपत्र निवेदन शुल्क- अन्य कार्यक्रम (विदेशी लगानी) | ५ लाख | |
| २६ | आशयपत्र निवेदन शुल्क- परिषद अन्तर्गत सञ्चालन हुने कार्यक्रम | १० हजार | |
| २७ | आशयपत्र नविकरण शुल्क- एमविविएस कार्यक्रम (स्वदेशी लगानी) | ५ लाख | |
| २८ | आशयपत्र नविकरण शुल्क- एमविविएस कार्यक्रम (विदेशी लगानी) | १० लाख | |
| २९ | आशयपत्र नविकरण शुल्क- विडिएस कार्यक्रम (स्वदेशी लगानी) | २ लाख | |
| ३० | आशयपत्र नविकरण शुल्क- विडिएस कार्यक्रम (विदेशी लगानी) | ५ लाख | आशयपत्र, सम्बन्धन तथा प्रत्यायनस |
| ३१ | आशयपत्र नविकरण शुल्क- अन्य कार्यक्रम (स्वदेशी लगानी) | १ लाख | |
| ३१ | आशयपत्र नविकरण शुल्क- अन्य कार्यक्रम (विदेशी लगानी) | २ लाख | |

| | | | |
|---|---|---|---|
| ३३ | आशयपत्र नविकरण शुल्क- परिषद अन्तर्गतका कार्यक्रम | १० हजार | म्बन्धी आन्तरिक कार्यविधि, २०७८ |
| ३४ | सम्बन्धन सिफारिस शुल्क- एमविविएस कार्यक्रम (स्वदेशी लगानी) | ५ लाख | |
| ३५ | सम्बन्धन सिफारिस शुल्क- एमविविएस कार्यक्रम (विदेशी लगानी) | १० लाख | |
| ३६ | सम्बन्धन सिफारिस शुल्क- विडिएस कार्यक्रम (स्वदेशी लगानी) | २ लाख | |
| ३७ | सम्बन्धन सिफारिस शुल्क- विडिएस कार्यक्रम (विदेशी लगानी) | ५ लाख | |
| ३८ | सम्बन्धन सिफारिस शुल्क- अन्य कार्यक्रम (स्वदेशी लगानी) | १ लाख | |
| ३९ | सम्बन्धन सिफारिस शुल्क- अन्य कार्यक्रम (विदेशी लगानी) | २ लाख | |
| ४० | सम्बन्धन सिफारिस शुल्क- परिषद अन्तर्गतका कार्यक्रम | १० हजार | |
| ४१ | प्रत्यायन सिफारिस शुल्क- एमविविएस कार्यक्रम (स्वदेशी लगानी) | ५ लाख | |
| ४२ | प्रत्यायन सिफारिस शुल्क- एमविविएस कार्यक्रम (विदेशी लगानी) | १० लाख | |
| ४३ | प्रत्यायन सिफारिस शुल्क- विडिएस कार्यक्रम (स्वदेशी लगानी) | २ लाख | |
| ४४ | प्रत्यायन सिफारिस शुल्क- विडिएस कार्यक्रम (विदेशी लगानी) | ४ लाख | |
| ४५ | प्रत्यायन सिफारिस शुल्क- अन्य कार्यक्रम (स्वदेशी लगानी) | १ लाख | |
| ४६ | प्रत्यायन सिफारिस शुल्क- अन्य कार्यक्रम (विदेशी लगानी) | २ लाख | |
| ४७ | प्रत्यायन सिफारिस शुल्क- परिषद अन्तर्गतका कार्यक्रम | १० हजार | |
| ४८ | इलिजिवलिटी पत्र शुल्कः स्नातक तह | ३ हजार | |
| ४९ | इलिजिवलिटी पत्र शुल्कः स्नातकोत्तर तह | ५ हजार | |

### ६.२. सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्यको हकमा सम्बन्धित प्रचलित कानूनले अबधि तोकेकोमा सोही बमोजिम ।

**७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी**

प्राप्त निवेदन तथा उजुरीहरू सम्बन्धित जिम्मेवार अधिकारीले हेरी सम्बन्धित निर्देशनालय, बोर्ड र शाखामा आवश्यक कारवाहीको लागि पठाउने र शाखाबाट प्रचलित कानूनबमोजिम आवश्यक कारवाही अगाडि बढाउने गरिएको ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

उपाध्यक्षः प्रा.डा.श्रीकृष्ण गिरी

सदस्य-सचिवः कृष्णप्रसाद काप्री

**९. सम्पादन गरेका मुख्य मुख्य विवरण**

आर्थिक वर्ष २०७९/८० चिकित्सा शिक्षा आयोगबाट सम्पादन भएका प्रमुख कार्यहरू देहाय बमोजिम रहेका छन् :

- शैक्षिक सत्र २०७९/८० मा चिकित्सा शिक्षा आयोगबाट सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षा लगायत विद्यार्थी भर्ना सम्बन्धी कार्यक्रमहरू समावेश गरी शैक्षिक कार्यतालिका (२०७९ साउन देखि २०८० असारसम्म) प्रकाशन गरिएको ।
- उच्च शिक्षा तहका शिक्षकको (फ्याकल्टी) न्यूनतम योग्यतासम्बन्धी मापदण्ड, २०७९ जारी गरिएको ।
- चिकित्सा शिक्षा आयोगको दशौं बैठक सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा ज्यूको अध्यक्षतामा २०७९ मंसिर १५ गते र एघारौं बैठक सम्माननीय प्रधानमन्त्री तथा आयोगका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ज्यूको अध्यक्षतामा २०८० जेष्ठ ८ गते सम्पन्न भएको ।
- स्नातक तह, स्नातकोत्तर तह र डिएम/एमसिएच (DM/MCh) तथा NBMS कार्यक्रमको सिट निर्धारणका लागि अनुगमन गरी सिट निर्धारण गरिएको ।
- शैक्षिक सत्र २०७९/८० को स्नातक तह, स्नातकोत्तर तह र डिएम/एमसिएच (DM/MCh) तथा NBMS कार्यक्रमको एकीकृत प्रवेश परीक्षा सञ्चालन, म्याचिङ, विद्यार्थी भर्ना तथा पढाइ प्रारम्भ गरिएको ।
- DM 2022, PG2022 र UG2023 मा क्रमशः ७५ जना, १ हजार ५ सय ६९ जना र ६ हजार १ सय ६६ जना विद्यार्थी भर्ना भएका ।

- राष्ट्रिय चिकित्सा शिक्षा ऐनमा भएको व्यवस्था अनुसार चिकित्सा शिक्षा नीति, चिकित्सा शिक्षा जनशक्ति प्रक्षेपण योजना र चिकित्सा शिक्षा स्नातक तहको राष्ट्रिय पाठ्यक्रम प्रारुप विकास भएको ।
- शिक्षण शुल्क कार्यान्वयन अनुगमन सम्बन्धी कार्यविधि, २०७९ जारी गरिएको ।
- छात्रवृति तथा अनुदान सम्बन्धी कार्यविधि जारी भएको ।
- राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा व्यवस्था भए अनुसार आयोगलाई स्वायत्त संस्थाको रुपमा विकसित गर्न चिकित्सा शिक्षा आयोगको आर्थिक रणनीति तयार गरिएको ।
- सार्वजनिक शिक्षण संस्थालाई चिकित्सा शिक्षाको स्नातक तहमा निःशुल्क छात्रवृत्तिमा अध्ययन गराए वापत नेपाल सरकारबाट प्राप्त एकमुष्ट अनुदान र सार्वजनिक शिक्षण संस्थाहरुले स्नातकोत्तर तहमा निःशुल्क अध्ययन गराए वापतको आवासीय चिकित्सकहरुको निर्वाह भत्ता र एकमुष्ट अनुदान सम्बन्धित शिक्षण संस्थाहरुमा उपलव्ध गराइएको।
- आर्थिक बर्ष २०७९/८० मा फेलोसिप अध्ययनका लागि ६, स्नातक तह अध्ययनका लागि ९ सय १३ र स्नातकोत्तर तह अध्ययनका लागि ३ सय ४ जनालाई अध्ययन अनुमति पत्र जारी गरिएको ।
- अध्ययन अनुमति पत्र (Eligibility Letter) अनलाइन माध्यमबाट प्रदान गर्ने गरी व्यवस्थापन गरिएको ।
- चिकित्सा शिक्षाका स्नातक वा सो भन्दा माथिका विषय अध्यापन गराउने शिक्षण संस्थाले प्रत्येक वर्ष भर्नुपर्ने स्वमूल्याङ्कन (Self-Appraisal) फारामलाई सफ्टवेयर प्रणालीमा अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको ।
- विज्ञसहितको समूहबाट शिक्षण संस्थाहरूको अनुगमन गराउने कार्य भएको ।
- बारम्बार सोधिने प्रश्न र उत्तर तयार गरी वेवसाइटमा राखिएको ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका चिकित्सा शिक्षा सम्बन्धी प्रमाणपत्र तहका कार्यक्रम सञ्चालन गर्न इच्छुक शिक्षण संस्थाहरुको आशयपत्रका लागि परिषद्बाट सिफारिस भई आएका ६० वटा शिक्षण संस्थालाई शिक्षण संस्था स्थापनार्थ आशयपत्र प्रदान गरिएको।

- चिकित्सा शिक्षाका क्षेत्रमा स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि विभिन्न १५ वटा विषयका पाठ्यक्रम निर्माण, स्वीकृति तथा प्रबोधीकरण गरिएको,
- एनबिएमएस अन्तर्गतका शैक्षिक कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुको मूल्याङ्कन गर्नका लागि सेल्फ अप्राइजल टुल्स तथा स्थलगत अनुगमन टुल्स परिमार्जन गरिएको,
- नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको,
- एनबिएमएस अन्तर्गत स्पेसियालिटी तहमा ६ जना र सबस्पेसियालिटी तहमा ५ जना गरी जम्मा ११ जना विद्यार्थी भर्ना गरिएको,
- शैक्षिक सत्र २०८०/८१ का लागि एनबिएमएस अन्तर्गतका स्पेसियालिटी तथा सबस्पेसियालिटी कार्यक्रम सञ्चालनको लागि सेल्फ अप्राइजल पेस गर्ने संस्थाहरुको स्थलगत अनुगमन गरी सबस्पेसियालिटी तहका कार्यक्रम सञ्चालनका लागि ५ वटा संस्था/अस्पतालका लागि १२ सिट निर्धारण गरिएको,
- एनबिएमएस कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुको मूल्याङ्कनका लागि इ-लगबुक तयार गरी कार्यान्वयनमा ल्याइएको,
- एनबिएमएस फ्याकल्टी तथा रेजिडेन्टहरुलाई इ-लगबुक अभिमुखीकरण गरिएको,
- NMC, NHRC तथा NCHPE सँग द्विपक्षीय सम्झौता गरी पाठ्यक्रमले तोकेका अनिवार्य तालिम अन्तर्गत NMC CPD Unit बाट विभिन्न पाँचवटा मोड्युलमा तालिम सञ्चालन गराइएको । NHRC बाट Research Methodology सम्बन्धी तालिम सम्पन्न भएको र NCHPE बाट NBMS Faculty Development Training सञ्चालन गरिएको,
- NBMS Prospectus, अर्धवार्षिक रुपमा चिकित्सा शिक्षा बुलेटिन र चिकित्सा शिक्षा पत्रिका प्रकाशन गरिएको,
- Competency Based Curriculum सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको ।

**१०. प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम र पद**

प्रमुखः उपाध्यक्ष प्रा.डा.श्रीकृष्ण गिरी

सदस्य-सचिवः कृष्णप्रसाद काप्री

सूचना अधिकारीः उपसचिव, धनबहादुर श्रेष्ठ

## ११. ऐन, नियम, निर्देशिका र कार्यविधिको सूची

आयोगको कार्यसम्पादन तथा सेवा प्रवाहसँग सम्बन्धित ऐन, नियम, मापदण्ड, निर्देशिका र कार्यविधिहरूको विवरण यसप्रकार छन् :

१. राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५
२. चिकित्सा शिक्षा आयोगको आन्तरिक कार्यविधि,२०७६
३. राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७
४. स्नातकोत्तर तहको सिट निर्धारण सम्वन्धी आन्तरिक कार्यविधि, २०७७
५. चिकित्सा शिक्षा विषयमा स्नातक तह, स्नातकोत्तर तह, फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७७
६. चिकित्सा शिक्षा आयोगका पदाधिकारीहरुको बिदा तथा भ्रमण सम्बन्धी कार्यविधि,२०७७
७. नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
८. चिकित्सा शिक्षासम्वन्धी प्रमाणपत्र तहभन्दा मुनीका कार्यक्रम सञ्चालन गर्न अनुमति प्राप्त गरेका संस्थाको स्तरउन्नति सम्बन्धी मापदण्ड,२०७७
९. स्पेसियालिटि तथा सव स्पेसियालिटी कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
१०. चिकित्सा शिक्षा विषयमा स्नातक तह स्नातकोत्तर तह फेलोसिप कार्यक्रम तथा उच्चस्तरीय तालिमका लागि वैदेशिक अध्ययन अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७७
११. नेशनल वोर्ड अफ मेडिकल स्पेसियालिटिज कार्यक्रम सञ्चालन कार्यविधि, २०७७
१२. नेशनल बोर्ड मेडिकल स्पेसियालिटिज स्वमूल्याङ्कन कार्यविधि, २०७८
१३. आशयपत्र, सम्बन्धन तथा प्रत्यायनसम्बन्धी आन्तरिक कार्यविधि, २०७८
१४. नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज अन्तर्गत चकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाहरुको अनुगमन, गुणस्तर मूल्याङ्कन तथा सीट निर्धारण कार्यविधि, २०७८ (स्पेसियालिटि तथा सबस्पेसियालिटि तह)
१५. चिकित्सा शिक्षा आयोगका पदाधिकारी, दक्ष/विज्ञ तथा कर्मचारीहरुको आचारसंहिता २०७८

१६. चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारण सम्बन्धी एकीकृत कार्यविधि, २०७९

१७. चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान सम्बन्धी कार्यविधि, २०७९

१८. चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०७९

१९. वैदेशिक अध्ययन अनुमतिपत्र ( इलिजिविलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९

२०. चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदान सम्बन्धी कार्यविधि, २०७९

२१. शिक्षण शुल्क कार्यान्वयन अनुगमन सम्बन्धी कार्यविधि, २०७९

## १२. आयोगको वेभसाइट

**ठेगानाः** चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर, नेपाल ।

**वेबसाइटः** https://www.mec.gov.np

**इमेलः** info@mec.gov.np

**टेलीफोन नं.**- ०१-६६३९४१४/४१५/४१६

## १३. आयोगको सूचना अन्यत्र प्रकाशन भएको विवरण

आयोगसँग सम्बन्धित विषयहरू आयोगको वेभसाइट www.mec.gov.np मा नियमित प्रकाशन हुने गरेको ।आयोगको फेसबुक पेज Medical Education Commission, Nepal मा समेत राख्ने गरिएको ।आयोगका महत्वपूर्ण सूचना, जानकारी तथा विवरणहरू गोरखापत्रमा समेत प्रकाशन गर्ने गरिएको ।

## १४. आयोगमा परेका सूचना माग सम्बन्धी निवेदन

प्रतिवेदन अवधिमा आयोगमा निवेदन गरी विभिन्न विषयमा सूचना माग भएका पाँच वटा निवेदन उपर कारवाही गरी सबै निवेदनको सूचना उपलव्ध गराइएको ।यसका अतिरिक्त सूचना अधिकारीको इमेल तथा टेलिफोनमार्फत माग भएका सूचना सोही माध्यमबाट नियमित उपलव्ध गराइएको । इमेल तथा टेलीफोनबाट प्राप्त गुनासो, जानकारी लगायतका विषयलाई सम्बन्धित निर्देशनालय, बोर्ड, शाखा तथा पदाधिकारीलाई संप्रेषण गरिएको ।

## १५. आयोगले गरेको सूचना सम्बन्धी थप काम

सूचना माग र प्रदान सम्बन्धी अभिलेख अद्यावधिक गर्ने कार्य शुरू गरिएको ।

## १६. आर्थिक विवरण

आयोगको आर्थिक वर्ष २०७९/०८० को बार्षिक बजेट नेपाल सरकारतर्फ २ अर्व ३९ करोड ४८ लाख र चिकित्सा शिक्षा आयोगको आन्तरिक स्रोततर्फ ३७ करोड ८६ लाख ५० हजार रहेको ।आर्थिक वर्षको २०७९/०८० को वार्षिक बजेटबाट प्रतिवेदन अवधिमा नेपाल सरकारतर्फ ९९.२ % र आयोगको आन्तरिक स्रोततर्फ २६.७२ % खर्च भएको ।

## १७. आयोगले गरेको कार्यक्रम र सो को प्रतिवेदन

चिकित्सा शिक्षा आयोग बुलेटिन, चिकित्सा शिक्षा जर्नल, चिकित्सा शिक्षा आयोगको वार्षिक प्रतिवेदन, वार्षिक शैक्षिक कार्यतालिका, शुल्क विवरण, सिट निर्धारण, चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षाको आवेदन आह्वान, नतिजा प्रकाशन, प्राथमिकता निर्धारण, म्याचिङ, म्याचिङको नतिजा प्रकाशन, विद्यार्थी भर्ना, कक्षा सञ्चालन, स्वमूल्याङ्कन आवेदन आह्वान, सेल्फ अप्राइजल फाराम, इलिजिबिलिटी, आशयपत्र लगायतका अन्य महत्वपूर्ण प्रकाशन तथा सूचनाहरू आयोगको वेबसाइटमा राखिएको ।